# करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि,२०८१

प्यूठान नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बिजुवार,प्यूठान

## करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि२०८१

नगर कार्यपालिकाबाट स्वीकृत मितिः ................

**प्रस्तावना**

प्यूठान नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक बिद्यालयमा रिक्त हुने स्थायी दरबन्दी, राहत दरबन्दी, नगरपालिका अनुदान, संघीय अनुदान, विद्यालय सहायक कर्मचारी अनुदान, प्रारम्भिक बालविकास केन्द्र अनुदान तथा विद्यालय सहयोगी अनुदानमा शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक तथा कर्मचारी सिफारिस भई नआएसम्मका लागि करारमा शिक्षक तथा कर्मचारी नियुक्त गर्न बाञ्छनीय रहेकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२, उपदफा, २ मा व्यवस्था भएबमोजिमको अधिकार प्रयोग गरी प्यूठान नगर कार्यपालिकाले यो कार्यबिधि बनाई लागू गरेको छ।

### परिच्छेद-१

### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यबिधिको नाम ***करार शिक्षक कर्मचारी छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि२०८१*** रहेको छ।

(ख) यो कार्यविधि कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

**२. परिभाषा विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) "विद्यालय" भन्नाले प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्म अध्यापन गर्ने सामुदायिक विद्यालय सम्झनु पर्दछ।

(ख)"विषय विज्ञ' भन्नाले प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ता,आधारभुत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) सम्मअध्यापन गर्ने शिक्षक तथा विद्यालय कर्मचारी छनौट तथा सिफारिस गर्न यस कार्यविधिको दफा (४) बमोजिम सूचीकृत भएका आधारभुत र माध्यमिक तहका शिक्षकहरुलाई सम्झनु पर्दछ।

(ग) "नगरपालिका" भन्नाले प्यूठान नगरपालिकालाई सम्झनु पर्दछ।

(घ) "विद्यालय कर्मचारी" भन्नाले विद्यालय सहयोगी, विद्यालय सहायक वा शिक्षक बाहेक विद्यालयमा नियमित हाजिर भई तलब सुविधा लिई काम गर्ने जुनसुकै कर्मचारी सम्झनु पर्दछ।

(ङ) "नगर शिक्षा समिति" भन्नाले प्यूठान नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्दछ।

(च) "शिक्षा अधिकृत" भन्नाले प्यूठान नगरपालिकामा कार्यरत  शिक्षा सेवाको अधिकृत स्तरको कर्मचारीलाई सम्झनु पर्दछ।

(छ) "शिक्षा शाखा" भन्नाले प्यूठान नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ।

(ज) "करार शिक्षक कर्मचारी छनौट तथा सिफारिस समिति' भन्नाले यस कार्यविधिको दफा ३ बमोजिमको समितिलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## करार शिक्षक कर्मचारी छनौट तथा सिफारिस समिति सम्बन्धी ब्यवस्था

### ३. करार शिक्षक कर्मचारी छनौट तथा सिफारिस समितिको गठन

३.१ यस प्यूठान नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको सबै खालका  रिक्त शिक्षक /कर्मचारी पदमा करारमा नियुक्ति हुने शिक्षकहरु छनौट तथा सिफारिस गर्न देहाय बमोजिमको एक करार शिक्षक कर्मचारी छनौट तथा सिफारिस समिति रहनेछ:

विद्यालय ब्यवस्थापन समिति अध्यक्ष: संयोजक

शिक्षा अधिकृत:सदस्य

विषय विज्ञ २ जना :सदस्य

प्रधानाध्यापक:सदस्य सचिव

३.२ उपदफा १ बमोजिमका २ जना विषय विज्ञको छनौट नगरपालिकाको विषय विज्ञको सूचीबाट सम्बन्धित विद्यालय व्यवस्थापन समितिले छनौट गर्नेछ ।

३.३  अन्यत्र जे सुकै लेखिएको भएता पनि तीन जना भन्दा कम उमेदवार रहेमा एक जना मात्र विषय विज्ञ रहन सक्नेछ ।

३.४ यस कार्यविधिमा उल्लेख भएको बाहेक करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धी अन्य प्रक्रिया शिक्षक सेवा आयोगले स्थायी शिक्षक नियुक्ति सिफारिसका लागि अपनाउने विधि अनुसार हुनेछ ।

## परिच्छेय-३

## विषय विज्ञको छनौट सम्बन्धी व्यवस्था

### ४.विषय विज्ञको सुची तयार गर्ने

४.१ यस प्यूठान नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त रहेने दरबन्दी, राहत अनुदान तथा नगरपालिकाको अनुदानमा वा अन्य अनुदान वा विद्यालय श्रोतबाट तलब भत्ता खाने शिक्षकहरु करारमा नियुक्ति गर्ने प्रयोजनको लागि विषय विज्ञ (रोष्टर) को सूची नगरपालिकाले तयार गर्नेछ । स्वीकृत दरबन्दी, राहत अनुदान, पालिकाको अनुदान तथा अन्य अनुदानमा शिक्षक नियुक्तिका लागि छनौट तथा सिफारिस गर्न आवश्यक पर्ने विषय विज्ञहरुको आवश्यक योग्यता निर्धारण गरी विषय विज्ञको रुपमा सुचीकृत हुनको लागि नगरपालिकाले १५ दिनको सूचना प्रकाशन गरी प्राप्त निवेदन मध्ये छानविन गरी शिक्षा शाखाले विज्ञहरुको अन्तिम सूची बनाई सार्वजनिक गर्नेछ ।

४.२ उपनियम (१) बमोजिम सुचीकृत हुन चाहने शिक्षकले जुन तह र विषयको लागि विज्ञ हुन चाहेको हो सोही तह र विषयको १।१ सेट प्रश्न पत्रहरु र तिनका उत्तर कुन्जिका तयार गरी शिक्षा शाखामा निवेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेद-४

## विषय विज्ञको योग्यता सम्बन्धी व्यवस्था

**५)विषय विज्ञको योग्यता सम्बन्धी व्यवस्था**

५.१ विषय विज्ञको न्युनतम योग्यता देहाय बमोजिम हुनुपर्नेछ :

क)प्रारम्भिक बालविकास केन्द्र र विद्यालय सहयोगीको लागि जुनसुकै तहको लागि सुचिकृत भएका विषयविज्ञ ग्राह्य हुनेछन।

ख) विद्यालय सहायकका लागि व्यवस्थापन संकायमा स्नातक गरी स्थायी शिक्षकको रुपमा ३ वर्ष सेवा अबधि पुरा गरेको शिक्षक वा उपरोक्तानुसार शैक्षिक योग्यता पुगेको र विद्यालय सहायकको रुपमा ५ वर्ष सेवा अबधि पुरा गरेको कर्मचारी ,

ग) साबिक प्राथमिक तहको लागि शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण गरेको र कम्तीमा प्राथमिक तहमा स्थायी सेवा अवधि ५ वर्ष पुरा गरेको, साबिक निम्न माध्यमिक तहको लागि सम्बन्धित विषयमा शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण गरेको र कम्तिमा निम्न माध्यमिक तहमा स्थायी सेवा अवधि ५ वर्ष पुरा गरेको,

घ) माध्यमिक तहको लागि सम्बन्धित विषयमा शिक्षा शास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरी माध्यमिक तहको स्थायी शिक्षकको रुपमा ३ वर्ष सेवा अबधि पुरा गरेको वा सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण गरी माध्यमिक तहको स्थायी शिक्षकको रुपमा ५ वर्ष सेवा अबधि पुरा गरेको

ङ) साबिक उच्च माध्यमिक तहको लागि सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरी माध्यमिक तहको स्थायी शिक्षकको रुपमा ३ वर्ष सेवा अबधि पुरा गरेको वा उपरोक्तानुसार शैक्षिक योग्यता पुगेको र सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तिर्ण गरी माध्यमिक तहको द्वितीय श्रेणी सरहको शिक्षकको रुपमा ५ वर्ष सेवा अबधि पुरा गरेको शिक्षक,

५.२  अन्यत्र जुनसुकै कुरा उल्लेख भएता पनि प्राविधिक धारका शिक्षक छनौट तथा सिफारिस समितिमा विषय विज्ञको रुपमा विद्यालय ब्यवस्थापन समितिले माध्यमिक तहको शिक्षक पदमा उमेदवारका लागि आवश्यक न्यूनतम योग्यता पुगेका व्यक्तिहरु मध्येबाट तोक्न सक्नेछ।

५.३ नगरपालिका क्षेत्रभित्र विषय विज्ञको रोष्टर बनाउदा कुनै विषयको विज्ञ उपलब्ध हुन नसकेमा प्यूठान जिल्लाका अन्य स्थानीय तहमा रहेका विषय विज्ञ समेतलाई लिन सकिने छ । उपरोक्तानुसार विज्ञ उपलब्ध हुन नसकेमा नगरपालिकाले उपयुक्त ठानेको सम्बन्धित क्षेत्रको कर्मचारीलाई खटाउन सक्नेछ।

## परिच्छेद-५

## शिक्षक छनौट सम्बन्धी पाठ्यक्रम र प्रश्नपत्र

**६. परीक्षाको पाठ्यक्रम** :

६.१ आधारभूत र माध्यमिक तहका शिक्षक छनौटका लागि लिइने परीक्षाको पाठ्यक्रम तथा प्रश्नपत्रको ढाँचा , पुर्णाङ्क,उत्तिर्णाङ्क र अन्तर्वार्ता सम्बन्धी ब्यवस्था शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम बमोजिम हुनेछ।

६.२ शिक्षक छनोट कार्यको लागि आबस्यक पर्ने प्रश्न पत्रहरुको बैंक तयार गर्ने कार्य नगरपालिकाले गर्नेछ।

६.३ वस्तुगत प्रश्न निर्माण र परीक्षण गर्ने जिम्मा नगरपालिका कार्यालयको तथा विषयतग प्रश्न निर्माण र परीक्षण गर्ने जिम्मा विषय विज्ञको हुनेछ। पश्न पत्र आवश्यता अनुसार प्रश्न पत्रहरुको बैंकबाट प्रयोग गर्न सकिनेछ।

६.४ प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ता छनौटका लागि लिइने परीक्षाको पाठ्यक्रम अनुसूची १ बमोजिम हुनेछ।

६.५विद्यालय सहयोगी छनौटका लागि लिइने परीक्षाको पाठ्यक्रम अनुसूची २ बमोजिम हुनेछ।

६.६विद्यालय सहायक छनौटका लागि लिइने परीक्षाको पाठ्यक्रम अनुसूची ३ बमोजिम हुनेछ।

६.७ साबिकको उच्च मावि अनुदान शिक्षक छनौटका लागि लिइने परीक्षाको पाठ्यक्रम सम्बन्धित तह (उच्च माध्यमिक तहको हकमा माध्यमिक तह) को स्थायी शिक्षक सिफारिसका लागि शिक्षक सेवा आयोगले तयार गरेको पाठ्यक्रम बमोजिम परीक्षा लिईनेछ। तर उक्त पाठ्यक्रमले नसमेटेका विषयको हकमा अनुसूची ४ बमोजिम परीक्षा हुनेछ।

६.८ सामुदायिक सिकाई केन्द्रका परिचालक छनौटका लागि लिइने परीक्षाको पाठ्यक्रम अनुसूची ५ बमोजिम हुनेछ।

६.९ प्रश्नपत्र तयार गर्दा गोपनीयताका साथ तयार गर्नुपर्दछ। यसरी तयार गरिएको प्रश्नपत्र सुरक्षित साथ राख्ने जिम्मेबारी शिक्षा शाखाको हुनेछ।

## परिच्छेद-६
## शिक्षक छनौट तथा सिफारिस प्रकृया

**७. करार शिक्षक कर्मचारीको लागि विज्ञापन**

७. १ करार शिक्षक नियुक्तिका लागि आवश्यक पर्ने न्यूनतम योग्यता र उमेर हद नेपाल सरकारले तोके बमोजिम हुनेछ। बालविकास केन्द्रका सहजकर्ता,सामुदायिक सिकाई केन्द्रका परिचालक र विद्यालय कर्मचारीको नियुक्तिका लागि आवश्यक पर्ने न्यूनतम योग्यता र उमेर हद अनुसूची ६ बमोजिम हुनेछ।

७.२ विद्यालय कोषबाट तलब भत्ता खाने गरी करारमा शिक्षक कर्मचारी नियुक्ति गर्न विद्यालयले उक्त पद रिक्त रहेको प्रमाण र विषय समेत खुलाई विद्यालय व्यवस्थापन समितिको निर्णय सहित नगरपालिकामा निवेदन पेश गर्नुपर्नेछ । यसरी प्राप्त निवेदन र नगरपालिकाको अभिलेख समेत भिडाई रिक्त रहेको देखिएमा शिक्षा शाखाले बिद्यालयलाई विज्ञापन गर्ने अनुमति दिनुपर्नेछ।

७.३ उपनियम (१) बमोजिम विज्ञापन गर्न अनुमति प्राप्त गरेपछि सम्बन्धित विद्यालयले १५ (पन्ध्र) दिनको सार्वजनिक विज्ञापन प्रकाशन/प्रशारण गर्नुपर्नेछ ।पहिलो विज्ञापनमा कुनैपनि उमेदवारको आवेदन नपरेमा पुन ७ दिनको विज्ञापन गरिनेछ र दोस्रो विज्ञापनमा पनि कुनै पनि उमेदवारको आवेदन नपरेमा पुन ३ दिनको विज्ञापन गरिनेछ। स्थायी अध्यापन अनुमति आवस्यक पर्ने शिक्षक पदको तेस्रो पटक देखिको विज्ञापनमा अध्यापन अनुमति पत्र नभएका उमेदवारले समेत आवेदन दिन सक्नेछन।

७.४ यस कार्यविधि र अन्य प्रचलित कानून बमोजिमको प्रकृया बाहिरबाट करार सेवामा शिक्षक कर्मचारी नियुक्त भएमा वा गरिएमा त्यस प्रकारको शिक्षकको तलबभत्ता र अन्य सुविधा उपलब्ध गराउन नगरपालिका बाध्य हुनेछैन।

**८. करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धी व्यवस्था**

८.१शिक्षक छनौट तथा सिफारिस समितिको सचिवालय नगरपालिकाको कार्यालयमा हुनेछ।

८.२ शिक्षक छनौट तथा सिफारिस समितिले करार शिक्षक छनौटका लागि लिईने लिखित परीक्षाको केन्द्र तथा अन्तरबार्ता हुने स्थान नगरपालिकाको कार्यालयमा हुनेछ।

८.३ विज्ञापन पश्चात दरखास्त प्राप्त भएपछि छानबिन गरी रीत पुगेका निवेदनलाई दर्ता गरी दरखास्तवालालाई तोकिए बमोजिमको दर्ता निस्सा वा प्रवेशपत्र प्रदान गर्नुपर्नेछ। साथै स्वीकृत नामावलीको सूची टाँस गरी उम्मेदवारलाई लिखित तथा अन्तर्वार्ता परीक्षाको मिति र स्थान समेत जानकारी गराउनु पर्नेछ।

८.४ करार सेवामा नियुक्त शिक्षकको पदावधि सुरुमा बढीमा एक शैक्षिक सत्रको लागि हुनेछ त्यसपछि क्रमशः ६/६ महिनामा म्याद थप्दै जानु पर्नेछ। यदि शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक सिफारिस तथा पदस्थापन भई आएमा करारमा कार्यरत शिक्षक स्वतः अवकाश हुनेछ ।शैक्षिक गुणस्तर अभिवृद्धिमा पुग्ने योगदान एवम् कार्यसम्पादन मुल्याङ्कनको आधारमा विद्यालयले करार थप गर्न वा नगर्न सक्नेछ। साथै यस प्रकृयाबाट सेवा करारमा नियुक्त गरिएका शिक्षक कर्मचारीको आवश्यकता, औचित्य र सान्दर्भिकता पुष्टि नभएमा निजसंगको करार सम्झौता जुनसुकै बेला विद्यालय वा नगरपालिकाले भंग गर्न सक्नेछ।

## परिच्छेद-७

## परीक्षा, अन्तरवार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था

९. परीक्षा, अन्तरवार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था

९.१ करार शिक्षक छनौट समितिले परीक्षा हुने मिति, समय र केन्द्र तोक्नेछ र मर्यादित वातावरणमा परीक्षा संचालन गर्नेछ ।

९.२ करार शिक्षक कर्मचारी छनौट तथा सिफारिस समितिले लिने आधारभूत र माध्यमिक तहका शिक्षकको लिखित परीक्षाको पुर्णाङ्क, उत्तीर्णाङ्क अन्तर्वार्ताको ढाँचा शिक्षक सेवा आयोगको पाठ्यक्रममा तोके बमोजिम हुनेछ भने अन्यको अनुसूची ७ बमोजिम हुनेछ ।

९.३ तत्काल प्रश्न पत्र निर्माण गर्न संभव नभएमा प्रश्न पत्र बैंकमा रहेको प्रश्न पत्रबाट छनौट गरी परीक्षा समितिले सोही प्रश्न पत्रबाट परीक्षा संचालन गराउनु पर्नेछ ।

९.४ प्रश्नपत्रको गोपनीयता कायम गर्ने छनौट समिति र संलग्न कर्मचारी/ प्रतिनिधीको दायित्व हुनेछ । उत्तर पुस्तिकाको कोडिङ डिकोडिङ र टेबुलेसन गर्ने जिम्मेवारी शिक्षा अधिकृतको हुनेछ ।

९.५शिक्षा अधिकृतको रोहबरमा सम्बन्धित परीक्षा केन्द्रको हाताभित्र विषय विज्ञद्वारा उत्तर पुस्तिका परीक्षण गराईनेछ ।

९.६ करार शिक्षक छनौट गर्दा अन्तरबार्ताको अंक विभाजन गर्दा शिक्षक सेवा आयोगले स्थायी शिक्षक छनौटका लागि तोके अनुसार हुनेछ ।

९.७ विषयको प्रकृति हेरी आवश्यकताको आधारमा छनौट समितिले २५ पुर्णाङ्कको प्रयोगात्मक परीक्षा लिन सक्नेछ । तर लिखित परीक्षा अघि र अन्तरबार्ता पछि प्रयोगात्मक परीक्षा लिन सकिने छैन ।

९.८ करार शिक्षक कर्मचारी छनौट तथा सिफारिस समितिले सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारको नाम नियुक्तिको लागि विद्यालय ब्यवस्थापन समिति समक्ष सिफारिस गर्नुपर्नेछ । यसरी नतिजा प्रकाशन गर्दा लगतैको योग्यता क्रममा रहेको उम्मेदवारलाई वैकल्पिक सूचीमा राख्नुपर्नेछ ।

९.९ कार्यविधिको दफा ९ (८) बमोजिम सिफारिस हुने उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले नियुक्त गरी सो को जानकारी शिक्षा शाखामा दिनुपर्नेछ ।

९.१० तपसिल बमोजिमको अवस्थामा विद्यालयल व्यवस्थापन समितिले वैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई नगरपालिकाको अनुमतिमा करारमा नियुक्ति गर्न सक्नेछ:

(क) सिफारिस गरेको उम्मेदवारले ७ (सात) दिनको अवधिभित्र नियुक्ति नबुझे/नलिएमा,

(ख) सिफारिस गरेको उम्मेदवारको मृत्यु भएमा, निजले राजिनामा दिएमा,

(ग) नियुक्ति पत्र बुझेको मितिले ७ (सात) दिनभित्र सम्बन्धित विद्यालयमा हाजिर नभएमा,

तर बैकल्पिक सूचिको मान्यता एक वर्षको लागि मात्र हुनेछ।

९.११ करार शिक्षक छनौट तथा सिफारिस समितिका पदाधिकारी, विषय विज्ञ र उम्मेदवार बीच कानूनले तोके अनुसारको नजिकको नाता सम्बन्ध रहेको अवस्थामा उक्त नाता पर्ने व्यक्ति समितिमा रहने छैन।

९.१२ छनौट तथा सिफारिस समितिका पदाधिकारी वा विषय विज्ञले प्रचलित कानुन बमोजिम बैठक भत्ता पाउने छन। प्रचलित कानुन बमोजिम प्रश्न पत्र निर्माण, परिमार्जन परीक्षा संचालन, सोको निरीक्षण तथा सुपरीवेक्षण, उ. पु. परीक्षण तथा सम्परीक्षण, अंक टेबुलेसन खर्च, अन्तरबार्ता लिए बापत लाग्ने पारीश्रमिक र अन्य खर्च समेत सम्बन्धित विद्यालयले व्यहोर्नु पर्नेछ।

## परिच्छेद-८
## विविध

**१०. थपघट, व्याख्या र हेरफेर:**

१०.१ यस कार्यबिधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि नगर कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट र संशोधन वा हेरफेर गर्न सक्नेछ। साथै यस कार्यविधिमा उल्लेख नभएका विषयका हकमा नगर शिक्षा समितिको निर्णय, शिक्षक सेवा आयोगको नियमावली र अन्य प्रचलित कानूनमा भएको व्यवस्था अनुसार हुनेछ।

**११ खारेजी र बचाउ :**

११.१ यस कार्यविधिमा उल्लेख भएका कुनैपनि प्राबधान प्रचलित ऐन, कानूनसंग बाझिएमा बाझिएको हदसम्म खारेज हुनेछ।

११.२ यस अघि भएका कार्यहरु यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ।

आज्ञाले,

……………………..

प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची- १

## बालविकास सहजकर्ताको नियुक्तिको लागि लिइने परीक्षाको पाठ्यक्रम

परीक्षा योजना

| विषय क्षेत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अंक | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा | २० | ८ | २० | १ | वस्तुगत | २० मिनेट |
| विषयगत परीक्षा | ६० | २४ | ६ | १० | विषयगत | १ घण्टा ३० मिनेट |
| अन्तर्वार्ता र शैक्षिक योग्यता | २० | | | | | |
| जम्मा | १०० | ४० | | | | |

खण्ड-क सामान्य परीक्षा

| क्र.स. | विषयवस्तु तथा क्षेत्र | प्रश्न संख्या | कैफियत |
|---|---|---|---|
| १ | नेपालको भौगोलिक तथा प्रशासनिक विभाजन ( भौगोलिक विविधता प्रदेश जिल्ला,स्थानीय तह,ताल,नदि,हिमाल) | २ | |
| २ | नेपालको आधुनिक शैक्षिक इतिहास | २ | |
| ३ | शिक्षाको अर्थ परिभाषा उद्देश्य र कार्यहरु | २ | |
| ४ | शिक्षा मनोविज्ञानः अर्थ अवधारणा आवश्यकता र महत्व | २ | |
| ५ | मानव विकासः वृद्धि र विकासको अवधारण र चरण र विशेषता | २ | |
| ६ | प्रारम्भिक बालविकास शिक्षा | ३ | |
| ७ | विद्यालय तहको पाठ्यक्रम र मूल्यांकन प्रक्रिया | १ | |
| ८ | शैक्षणिक योजनाःअर्थ र आवश्यकता, वार्षिक कार्ययोजना,वार्षिक शैक्षणिक योजना,एकाइ योजना र दैनिक पाठयोजना | २ | |
| ९ | शैक्षिक संगठनः कक्षा शिक्षण,बहुकक्षा शिक्षण,विषय शिक्षण, मिश्रित शिक्षण | २ | |
| १० | नेपालको संविधान( भाग-१देखि ३),स्थानीय सरकार सञ्चालन ऐन २०७४ ( संशोधन समेत) मा शिक्षा सम्बन्धी ब्यवस्था, प्यूठान नगरपालिका शिक्षा ऐन, २०७४ ( संशोधन समेत) | २ | |
| | जम्मा | २० | |

खण्ड-"ख"    विषयगत परीक्षाको पाठ्यक्रम

| क्र.स. | विषयवस्तुको क्षेत्र | प्रश्न संख्या | कैफियत |
|---|---|---|---|
| १. | शैक्षिक योजनाः<br>परिचय,आवश्यकता,निर्माण र प्रयोग र ( वार्षिक कार्यतालिका,वार्षिक शैक्षिक योजना,एकाइ योजना,दैनिक पाठयोजना, र दैनिक कार्यतालिका) | १० | |
| २ | पाठ्यक्रमः-<br>अर्थ,परिभाषा,महत्व,पाठ्यक्रम निर्माणका आधारहरु,स्थानीय पाठ्यक्रम शैक्षिक सामाग्री निर्माण र प्रयोगः<br>शैक्षिक सामाग्रीको प्रकार र आधारभूत तहका विभिन्न विषयमा प्रयोग गरिने शैक्षिक सामाग्री | १० | |
| ३ | विद्यालय समुदाय सम्बन्ध-<br>विद्यालयको विकासमा समुदायको सहभागीता र दायित्व, समुदायको विकासमा विद्यालयको योगदान | १० | |
| ४ | व्यक्तिगत तथा वातावरणीय सरसफाईः<br>व्यक्तिगत सरसफाई,वातावरणीय सरसफाई,फोहर व्यवस्थापन,प्राथमिक उपचारको परिचय र महत्व, पारिवारिक र सामुदायिक स्वास्थ्य | १० | |
| ५ | बाल मनोविज्ञानः<br>अर्थ क्षेत्र आवश्कता र महत्वपुर्व बाल्यावस्थापरिचय विकासात्मक कार्यहरु विशेषताहरु शारीरिक र संवेगात्मक परिवर्तन तथा प्रभाव,रुचिहरु,संकटहरु | १० | |
| ६ | सिकाइः<br>अर्थ,स्वरुप र शैलीहरु,परिपक्वता र सिकाइबिच अन्तरसम्बन्ध,सिकाइस्थानान्तरण,विस्मरण,उत्प्रेरणा<br>परीक्षा र मूल्याङ्कनः-<br>परीक्षाको अवधारणा उद्देश्य,प्रकारहरु,शिक्षक निर्मित परीक्षा र  स्तरीकृत परीक्षा, मूल्याङ्कनको अवधारणा,उद्देश्य,प्रकारहरु,मूल्याङ्कनका साधनहरु र प्रयोग,आधारभूत तहका मूल्यांकनका साधनहरु | १० | |
| | जम्मा | ६० | |

## अनुसूची- २

## विद्यालय सहयोगी नियुक्तिको लागि लिइने परीक्षाको पाठ्यक्रम

परीक्षा योजना

| विषय क्षेत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अंक | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा | ३० | १२ | १५ | २ | वस्तुगत | ३० मिनेट |
| अन्तर्वार्ता र शैक्षिक योग्यता | २० | | | | | |
| जम्मा | ५० | | | | | |

खण्ड-क सामान्य परीक्षा

| क्र.स. | विषयवस्तु तथा क्षेत्र | प्रश्न संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्यूठान नगरपालिकाको सामान्य जानकारी | ३ | |
| २ | चिठी पत्र दर्ता र चलानी सम्बन्धी जानकारी | २ | |
| ३ | विद्यालय शिक्षाको संरचना र संचालन प्रकृया | ३ | |
| ४ | विद्यालय समय र कार्यालय सहयोगीको कामकर्तब्य र अभिकार | ४ | |
| ५ | समसामयिक विषय | ३ | |

## अनुसूची- ३

## विद्यालय सहायक कर्मचारी (लेखापाल) नियुक्तीको लागि लिईने परीक्षाको पाठ्यक्रमः

**परीक्षाको योजना**

| विषय क्षेत्र | पूर्णाङ्क | उतीर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अङ्कभार | समय | कैफियत |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा (बहुबैकल्पिक प्रश्नहरु) | ३० | १२ | १५ | २ | २० मिनेट | |
| विषयगत परीक्षा | ५० | २० | १० | ५ | १ घण्टा ३० मिनेट | |
| अन्तर्वार्ता र शैक्षिक योग्यता | २० | | | | | |

खण्ड -क. सामान्य परीक्षा (बहुबैकल्पिक प्रश्नहरु)को पाठ्यक्रम

| क्र.स. | विषयवस्तु तथा क्षेत्र | प्रश्न संख्या | कुल अङ्कभार |
|---|---|---|---|
| १. | प्यूठान नगरपालिका सम्बन्धी सामान्य जानकारी | २ | ४ |
| २. | सुचना र प्रविधि<br>• कम्प्युटर सम्बन्धी सामान्य जानकारी(MS Word, excel, Power point & internet)<br>• शैक्षिक ब्यवस्थापन सुचना प्रणाली | ३ | ६ |
| ३. | विद्यालय तहमा शैक्षिक तथ्याङ्क व्यवस्थापन<br>• तथ्याङ्क संकलन योजना र व्यवस्थापन<br>• तथ्याङ्क विश्लेषण र समस्या पहिचान | २ | ४ |
| ४. | कार्यालय संचालन र अभिलेख व्यवस्थापन सम्बन्धी सामान्य जानकारी | ४ | ८ |
| ५. | नेपालको संविधान, शिक्षा ऐन, २०२८ (संशोधन समेत), शिक्षा नियमावली, २०५९ (संशोधन समेत), स्थानीय सरकार संचालन ऐन २०७४(संशोधन समेत), प्यूठान नगरपालिका शिक्षा ऐन, २०७४ ( संशोधन समेत) सार्वजनिक खरिद ऐन,२०६३(संशोधन समेत) र नियमावली २०६४(संशोधन समेत) | ४ | ८ |

खण्ड-"ख"    विषयगत परीक्षाको पाठ्यक्रम

| क्र.सं. | विषय वस्तुको क्षेत्र | प्रश्न संख्या | अकंभार |
|---|---|---|---|
| १. | लेखाको अर्थ, उद्देश्य, महत्व लेखा शब्दावलिहरु र लेखा अवधारणा र सिद्धान्त, सरकारी र व्यावसायिक लेखा प्रणालि | २ वटा | १० |
| २. | पत्र व्यवहारः परीचय, उद्धेश्य र चिठि/ पत्रका गुणहरु, चिठिका प्रकार (प्रयोग र प्राथमिकताको आधारमा) | १ वटा | ५ |
| ३. | दर्ता र चलानी : सूचना, परिपत्र, तोक आदेश, टिप्पणी लेखन | १ वटा | ५ |
| ४. | अभिलेख व्यवस्थापनः अभिलेखको परिचय, अभिलेखको उद्देश्य र प्रकार अभिलेख व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग | १ वटा | ५ |
| ५. | प्रतिवेदन लेखनः - परिचय, तयार पार्दा ध्यान दिनुपर्ने कुराहरु र प्रकार, फाईलिङः परीचय, आवश्यकता विधि एवम् तरिकाहरु | १ वटा | ५ |
| ६. | दोहोरो श्रेष्ता प्रणाली र आय व्यय, नाफा नोक्सान खाता तेरिज र वासलात सम्बन्धी सैद्धान्तिक ज्ञान, आर्थिक कार्यप्रणाली सम्बन्धी सामान्य जानकारी | २ वटा | १० |
| ७. | कार्यालय व्यवस्थापनमा कम्प्यूटर प्रणालिको आवश्यकता र महत्व, तथ्याङ्क तथा सूचनाको प्रकृति र महत्व | १ वटा | ५ |
| ८. | नेपालको संविधान (भाग १-३ तथा आर्थिक कार्यप्रणाली), शिक्षा ऐन २०२८ (संशोधन समेत), शिक्षा नियमावली २०५९ (संशोधन सहित),स्थानीय सरकार संचालन ऐन २०७४ (शिक्षा सम्बन्धी व्यवस्था) प्यूठान नगरपालिका शिक्षा ऐन २०७४ ( संशोधन समेत) | १ वटा | ५ |

## अनुसूची- ४

## सािवकको उच्च मािव अनुदान कोटा र प्रािविधक धारमा कार्यरत तोिकएका िवषयका शिक्षक/प्रशिक्षक िनयुक्तीको लािग िलईने परीक्षाको पाठ्यक्रमः

### परीक्षाको योजना

| विषय क्षेत्र | पूर्णाङ्क | उतीर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अङ्कभार | समय | कैफियत |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा (बहुबैकल्पिक प्रश्नहरु) | २० | ४० | २० | १ | ३० मिनेट | एकमुष्ठ रुपमा उत्तिर्ण हुनुपर्ने । |
| विषयगत परीक्षा | ८० | | ८ | १० | २ घण्टा ३० मिनेट | |
| अन्तर्वार्ता र शैक्षिक योग्यता | २० | | | | | |

खण्ड -क. सामान्य परीक्षा (बहुबैकल्पिक प्रश्नहरु)को पाठ्यक्रम

| क्र.स. | विषयवस्तु तथा क्षेत्र | प्रश्न संख्या | कुल अङ्कभार |
|---|---|---|---|
| १. | शिक्षक सेवा आयोगले तोके बमोजिमको सम्बन्धित तहको स्थायी शिक्षक छनौटका लागि तयार गरेको पाठ्यक्रममा उल्लेखित सामान्यज्ञान | ५ | ५ |
| २. | शिक्षक सेवा आयोगले तोके बमोजिमको सम्बन्धित तहको स्थायी शिक्षक छनौटका लागि तयार गरेको पाठ्यक्रममा उल्लेखित IQ | ५ | ५ |
| ३. | शिक्षक सेवा आयोगले तोके बमोजिमको सम्बन्धित तहको स्थायी शिक्षक छनौटका लागि तयार गरेको पाठ्यक्रममा उल्लेखित सुचना र संचार प्रविधि | ५ | ५ |
| ४. | विद्यालय शिक्षाको पाठ्यक्रम, बालमनोविज्ञान,पाठयोजना, शिक्षण विधितथा प्रबिधि, किशोराबस्था , नेपालको संविधान, शिक्षा ऐन २०२८ (संशोधन सहित), शिक्षा नियमावली २०५९ (संशोधन सहित), स्थानीय सरकार संचालन ऐन २०७४(संशोधन सहित)मा शिक्षा ,प्यूठान नगरपालिका शिक्षा ऐन २०७४ ( संशोधन समेत) | ५ | ५ |

खण्ड ख-विषयगत परीक्षाको पाठ्यक्रम

| क्र.सं. | विषय वस्तुको क्षेत्र | प्रश्न संख्या | कुल अकंभार |
|---|---|---|---|
| १. | सम्बन्धित पदका लागि आवश्यक पर्ने न्यूनतम योग्यताको सम्बन्धित विषयको विषयवस्तु | ६ वटा | ६० |
| २ | सम्बन्धित विषयको शिक्षण प्रक्रिया सम्बन्धी विषयवस्तु | २ वटा | २० |

# अनुसूची- ५

## सामुदायिक सिकाई केन्द्रको परीचालक नियुक्तीको लागि लिईने परीक्षाको पाठ्यक्रमः

**परीक्षाको योजना**

| विषय क्षेत्र | पूर्णाङ्क | उतीर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अङ्कभार | समय | कैफियत |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा (बहुबैकल्पिक प्रश्नहरु) | ४० | २० | २० | २ | ३० मिनेट | |
| विषयगत परीक्षा | ४० | १६ | ८ | ५ | १ घण्टा ३० मिनेट | |
| अन्तर्वार्ता र शैक्षिक योग्यता | २० | | | | | |

खण्ड -क. सामान्य परीक्षा (बहुबैकल्पिक प्रश्नहरु)को पाठ्यक्रम

| क्र.स. | विषयवस्तु तथा क्षेत्र | प्रश्न संख्या | कुल अङ्कभार |
|---|---|---|---|
| १. | नेपालको भुगोल( भौगोलिक विविधता,प्रदेश,स्थानीय तह, हिमाल,नदि,ताल ) | ३ | ६ |
| २. | कम्प्युटर सम्बन्धी सामान्य जानकारी(MS Word, excel, Power point & internet) | ३ | ६ |
| ३. | शिक्षाको अर्थ,परिभाषा,स्वरुप, उदेश्य र कार्यहरु | २ | ४ |
| ४. | सिकाईको अर्थ तथा स्थानान्तरण | १ | २ |
| ५. | तीन तहका सरकारसँग सम्बन्धित शिक्षाका संरचना र तिनका कार्यहरु | २ | ४ |
| ६. | अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको अबधारणा | २ | ४ |
| ७. | सामुदायिक सिकाई केन्द्रको संचालन तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड,२०७८ | ४ | ८ |
| ५. | नेपालको संविधान, शिक्षा ऐन २०२८ (संशोधन सहित), शिक्षा नियमावली २०५९ (संशोधन सहित), स्थानीय सरकार संचालन ऐन २०७४(संशोधन सहित),मा शिक्षा सम्बन्धी ब्यवस्था, प्यूठान नगरपालिका शिक्षा ऐन, २०७४ ( संशोधन समेत) | ३ | ६ |

खण्ड -ख. विषयगत परीक्षाको पाठ्यक्रम

| क्र.सं. | विषय वस्तुको क्षेत्र | प्रश्न संख्या | अकंभार |
|---|---|---|---|
| १. | समुदायमा हुने विभिनुन बैठक तथा सभाको आयोजनातथा निर्णय लेखन | १ | ५ |
| २. | नमूना सिकाईकेन्द्रको विकास तथा नवप्रवर्तनात्मक कार्यहरु | १ | ५ |
| ३. | अनौपचारिक शिक्षा सम्बन्धी नीति तथा कानून, अनौपचारिक शिक्षाको विकासमा समुदायको संलग्नता | १ | ५ |
| ४. | सामुदायिक सिकाई केन्द्रको संचालन तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड,२०७८ | १ | ५ |
| ५. | लेखापरीक्षण,सामाजिक परीक्षण,बेरुजु र त्यसको फछर्यौट, बजेट ब्यवस्थापन, | १ | ५ |
| ६. | आजिवन सिकाई थलोको रुपमा सिकाई केन्द्र, सहजकर्ताको प्रभाबकारी कार्य | १ | ५ |
| ७. | परियोजना प्रस्ताब निर्माण,सहभागितात्मक योजना तर्जुमा | १ | ५ |
| ८. | प्रभावकारी संचार सीप तथा सिकाई केन्द्र र अन्य संघसंस्थाबीचको सम्बन्ध | १ | ५ |

## अनुसूची- ६

## शिक्षक/कर्मचारीका लागि चाहिने न्यूनतम योग्यता र उमेर हद

| क्र.सं. | पद | शैक्षिक योग्यता | उमेर हद | कैफियत |
|---|---|---|---|---|
| १ | बालबिकास सहजकर्ता | कक्षा १० | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | महिला |
| २ | विद्यालय सहयोगी | कक्षा ८ | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | |
| ३ | विद्यालय सहायक | कक्षा १२ | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | व्यवस्थापन सम्बन्धी विषयमा |
| ४ | परिचालक | कक्षा १२ | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | |

## अनुसूची- ७

## अन्तर्वार्ता र शैक्षिक योग्यता सम्बन्धी व्यवस्था

| क.सं. | मूल्याङ्कनको आधार | शैक्षिक योग्यता | | |
|---|---|---|---|---|
| १. | सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता- ३ | प्रथम श्रेणी ३ | द्वितीय श्रेणी २ | |
| २. | सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता- २ | २ | १ | |
| ३. | अन्तर्वार्ता- १५ | ब्यक्तित्व ३ | विषयवस्तु ८ | प्रस्तुतिकरण ४ |

नोट: अन्तर्वार्ता बापत अङ्क दिदा कुनै उमेदवारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी अङ्क दिएमा स्पष्ट कारण खुलाउनु पर्नेछ ।

**द्रष्टब्य:**

१. वस्तुगत प्रश्नको गलत उत्तर दिएमा २० प्रतिशत अङ्क कट्टा गरिनेछ तर उत्तर नदिएमा अङ्क कट्टा गरिने छैन ।

२. वस्तुगत र विषयगत परीक्षामा छुट्टा छुट्टै उत्तीर्ण हुनुपर्नेछ र वस्तुगत परीक्षा उत्तिर्ण भएमा मात्र विषयगत परीक्षामा सामेल हुन पाईनेछ ।